नेपाल सरकार

युवा, श्रम तथा रोजगार तथा मन्त्रालय

वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौं ।

वैदेशिक रोजगार सन्ततती छात्रवृत्ति सहायताका लागि निवेदन दिने बारेको सूचना !

सूचना प्रकाशित मितिः२०८३/०८/०४

वैदेशिक रोजगार बोर्डको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक योजना, कार्यक्रम तथा बजेट अनुसार श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई मृत्यु, अंगभंग वा बिरामी भई कल्याणकारी कोषबाट यस सचिवालयमार्फत शतप्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका सन्ततीहरुलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहे अनुसार योग्यता पुगेका श्रमिक परिवार तथा सम्बन्धित सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. छात्रवृत्ति प्राप्त गर्ने लक्षित वर्गः

- श्रम स्वीकृति लिई वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु वा अंगभंग वा बिरामी भई वैदेशिक रोजगारु बोर्डबाट शत प्रतिशत (१००%) आर्थिक सहायता लिएका श्रमिकका सन्ततती।
- नेपालको जुनसुकै सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालबालिकाहरू ।
- निवेदन दिने अन्तिम मितिसम्म शतप्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका सन्ततीलाई मात्र छात्रवृत्ति उपलब्ध गराइनेछ। कागजात पूर्ण भई प्राप्त भएका बखत नै सचिवालयबाट रकम भुक्तानी गरिनेछ।

२. छात्रवृत्तिको रकमको सीमाः

- आधारभूत तहमा अध्ययनरत विद्यार्थीका लागि वार्षिक रूपमा रू. १२,०००। (बाह्र हजार) र माध्यमिक तहमा अध्ययनरतका लागि वार्षिक रूपमा रू. १६,०००। (सोह्र हजार) प्रदान गरिने छ ।
- एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रूपमा एकमुष्ट छात्रवृत्ति रकम बैंक खाता मार्फत उपलब्ध गराइनेछ। कक्षा दोहोरिएको हकमा छात्रवृति रकम पाइने छैन।

३. छात्रवृत्ति प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरुः

अ) यस अघि देखिनै नियमित छात्रवृत्ति पाइरहेकाको हकमाः

१. छात्रवृत्ति प्राप्तिको लागि निवेदन,
२. श्रमिकको राहदानीको प्रतिलिपि,
३. अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस,
४. स्थानीय तहको सिफारिस
५. आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता (चेकको प्रतिलिपि)।

आ) आ. व. २०८३/०८४ मा पहिलो पटक छात्रवृत्ति प्राप्त गर्ने छात्र/छात्राहरूले पेश गर्नुपर्ने कागजात:

१. छात्रवृत्ति प्राप्तिको लागि निवेदन,
२. श्रमिकको राहदानीको प्रतिलिपि,
३. मृतकको हकमा मृत्युदर्ताको प्रमाणपत्र र बिरामी तथा अंगभंग श्रमिकको हकमा बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सको प्रमाणपत्र,
४. अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस,
५. स्थानीय तहको सिफारिस,
६. विद्यार्थीको जन्मदर्ताको प्रतिलिपि,
७. श्रमिक, अभिभावक र विद्यार्थीको नाता खुल्ने नाता प्रमाण पत्रको प्रतिलिपि,
८. आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता (चेकको प्रतिलिपि) ।

४. छात्रवृत्तिका लागि निवेदन पेश गर्ने अन्तिम मितिः २०८३ फागुन मसान्त । (२०८३ फागुन मसान्त भित्र आवश्यक सम्पूर्ण कागजात सहित विवरण Foreign Employment Welfare Information Management System-FEWIMS प्रणालीमा प्रविष्ट भईसकेको आवेदन मात्र छात्रवृत्ति उपलब्ध गराइने छ।)

५. विद्यार्थी एवं अभिभावकको जिम्मेवारी:

- सूचना प्राप्त भएपश्चात् आफ्नो स्थानीय तहको रोजगार सेवा केन्द्रमा रोजगार संयोजकसँगको समन्वयमा आवश्यक कागजात तयार गरी बोर्डको सचिवालयबाट सञ्चालित FEWIMS प्रणालीमा रोजगार सेवा केन्द्र मार्फत बोर्डको सचिवालयमा पठाउने।
- विद्यार्थी आफ्नो स्थायी ठेगाना भन्दा अन्यत्र पढ्ने भएमा नाता प्रमाणित लगायत वडा कार्यालयबाट गर्नुपर्ने कागजात आफ्नै स्थानीय तहबाट बनाई छात्रवृत्तिको निवेदन दिन सक्ने ।

६. विद्यालयको जिम्मेवारी:

- छात्रवृत्ति प्राप्त गर्ने योग्यता पुगेका विद्यार्थीहरुको निवेदन ग्रहण गरी विद्यार्थी अध्ययनरत कक्षा खुलाई सिफारिस प्रदान गर्ने।

७. स्थानीय तहको जिम्मेवारी:

- विद्यालयबाट प्राप्त वैदेशिक रोजगार छात्रवृत्ति सिफारिसको आधारमा छात्रवृत्तिका लागि बोर्डको सचिवालय समक्ष सिफारिस गर्ने।
- तोकिएको म्याद (२०८३ फागुन मसान्तभित्र) भित्र सचिवालयको FEWIMS प्रणाली मार्फत मसान्तभित्रमा छात्रवृत्तिका आवेदन प्रविष्ट गराइसक्ने व्यवस्था मिलाउने ।

नोट: थप जानकारीका लागि श्रमाधान कल सेन्टरको निःशुल्क सम्पर्क नम्बर ११४१ वा बोर्डको सचिवालयको फोन नं. ०१-५३२०३११/४३३/५६७ मा सम्पर्क गर्न सकिनेछ।